**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चौंरीदेउराली गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः.७ मितिः २०८०/१०/२२

**भाग-२**

**चौंरीदेउराली गाउँपालिका**

## चौंरीदेउराली गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि २०८०

आज्ञाले,

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत

# चौंरीदेउराली गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि २०८०

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

# चौंरीदेउराली गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि २०८०

प्रस्तावनाः

चौंरीदेउराली गाउँपालिकाबाट संचालन हुने खानेपानी सबम्धी योजना तथा आयोजनाहरु संचालन, मुहान सम्बन्धि विववादहरुको व्यवस्थापन तथा खानेपानी सम्बन्धि विविध कार्यक्रम व्यवस्थित तरवले संचालन गर्न बान्छनिय भएकाले,

**<u>प्रारम्भिकः</u>**

१.संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम चौंरीदेउराली गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि २०८० हुनेछ ।यो कार्यविधि गाउँपालिकालेको कार्यपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले चौंरीदेउराली गाउँपालिको खानेपानी मुहान दर्ता कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

ख. "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागि आपुर्ती गरिने खानेपानीलाई सम्झनु पर्छ ।

ग). "मुहान" भन्नाले नदि, नाला, खोला, धारो आदिको पानी उम्रने वा निस्कने ठाउँ, मुललाई सम्झनु पर्छ ।

घ). "श्रोत" भु-सतह वा भुमिगत रुपमा रहेको खानेपानीको स्रोत लाई सम्झनु पर्दछ ।

ङ). " संरचना" भन्नाले स्रोतवाट खानेपानी जम्मा गर्न  नियन्त्रण गर्न, सुद्दिकरण गर्न वा वितरण गर्न बनाईएको जलशाय र सो जलाशायले चर्केको छेत्र सम्बन्नु पर्दछ र सम्झनु पर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएका पानी टंयाकी, पाईप, निकाश, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउदछ ।

च). "सर्वेक्षण" भन्नाले संचालन निर्माण, संचालन निर्माण गर्दा पर्ने वातावरणिय असर, स्रोतबाट उद्योग तथा वितरण गर्न सकिने खानेपानी परिमाण, खानेपानीबाट लाभान्वित हुनेको संख्या लगायत आर्थिक

तथा प्राविधिक तथ्यहरु समेतको विश्लेक्षण गरी विस्तृत रुपबाट तयार गरिएको अन्वेक्षण अध्यय र तत् सम्बन्धी विस्तृत ईन्जिनियरीङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्दछ ।

छ)."परियोजना" भन्नाले अनुमति प्राप्त ब्यक्तिले संचालन गर्ने खानेपानी परियोजना सम्झनु पर्दछ र सो शब्दले कार्यविधिमा व्यवस्था भए बमोजिम यस गाउँपालिका, विभिन्न संघ संस्था/ समिति वा नेपाल सरकार/ प्रदेश सरकार/गैर सहकारी संघ संस्थाले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता समिति/संस्थाले आफै विकास गरी संचालन गरेको परियोजना समेतलाई जनाउछ ।

ज). "समिति" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने मुहान दर्ता उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

झ). "पानी" आपुर्तिकर्ता  भन्नाले यस कार्यविधि बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति/संस्था वा अनुमतिपत्र प्राप्त व्यक्ति लाई सम्झनु पर्दछ ।

ञ). "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्दछ

ट). "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने ब्यक्ती वा निकाय लाई सम्झनु पर्दछ ।

ठ). " सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ  र सो शब्द भए बमोजिम तोकिएको खानेपानी निरिक्षक लाई सम्झनु पर्दछ ।

ड). "निरिक्षक" भन्नाले कार्यविधिमा व्यवस्था  बमोजिम तोकिएको खानेपानी निरिक्षक लाई सम्झनु पर्दछ ।

ढ). "अध्यक्ष" भन्नाले गाउँपालिकाको निर्वाचित अध्यक्षलाई सम्झनु पर्दछ ।

ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

त. "गाउँपालिका" भन्नाने चौंरीदेउराली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढाँडखरक भञ्याङ्ग काभ्रेलाई सम्झनु पर्दछ ।

**३ .मुहान दर्ताको उपभोक्ता समिति/संस्थाको गठनः**

१. सामूहिक लाभको लागि परियोजनाको विकास तथा संचालन गरी त्यसवाट लाभान्वित हुन चाहेने व्यक्तिहरुले मुहान दर्ता उपभोक्ता समिति/संस्था गठन गर्न सक्ने छन् ।

४. **उपभोक्ता समिति/ संस्थाको विधानः**

१. उपभोक्ता समिति/संस्थाको एउटा विधान हुनेछ ।

२. दपदफा (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाईएको हुनु पर्नेछ ।

क) उद्देश्य तथा कर्य क्षेत्र,

ख. सदस्यताको लागि योग्यता

ग. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि ।

घ. सदस्यताको अयोग्ता ।

ङ. सधारण सभाको अधिवेशन ।

छ. साधारण, सभाको काम,कर्तव्य र अधिकार ।

ज. कार्य समितिको गठन ।

झ. कार्यसमितिको बैठक ।

ञ. कार्य समितिको काम, कर्तव्य र अधिकार ।

ट. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार ।

ठ. निर्वाचिन सम्बन्धि व्यवस्था ।

ड) अविश्वासको प्रस्ताव ।

ढ. आर्थकि स्रोत ।

ण. चल अचल सम्पतिको विवरण ।

त. कोष ।

थ. लेखापरिक्षण ।

द. विधानमा संशोधन,

ध. विदफा बनाउन सक्ने कुरा ।

न. अन्य आवश्यक कुराहरु ।

**५. उपभोक्ता समिति/ संस्था तथा मुहान दर्ता गर्न दरखास्त दिनु पर्ने ।**

उपभोक्ता समिति/संस्था तथा मुहानको दर्ता गर्न चाहने व्यक्तिले पाँच सय रुपैयाँ दस्तुरत सहित अनुसूचि -१ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**६. मुहान दर्ता उपभोक्ता समिति/संस्थाको दर्ताः**

१) दफा ५ बमोजिम मुहान दर्ता उपभोक्ता/संस्थाले गाउँपालिकामा निवेदन सहितको आवश्यक कागजात पेश गरेमा मुहान दर्ताको हकदावीको लागि ३५ दिने सूचना प्रकाशित गरि ३५ दिन भित्र हकदावी नपरेमा मूहान दर्ता प्रकृया अघि बढाउन सक्नेछ ।

२) उपदफा १ बमोजिमको सम्पूर्ण प्रकृया पूरा भै सकेपछी मुहान दर्ता उपभोक्ता समिति/संस्थाले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतवाट विकस गर्न उपयूक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा सम्बन्धित निकाय सँग परामर्श समेत गर्दा परियोजना विकास गर्न उपयूक्त देखिएमा समितिले मुहान दर्ता गरी दरखास्तवालाई अनुसूचि-२ बमोजिमको उपभपोक्ता समिति/संस्थालाई दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम जाँचबुझ तथा परामर्श गर्दा उपभोक्ता समिति/संस्था दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालाई दिनु पर्नेछ ।

**७. दोहोरो उपभोक्ता समिति/संस्था दर्ता नगरिनेः**

कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता समिति/संस्था दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोहि समिति/संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति/संस्था दर्ता गरिने छैन ।

**८) स्रोतको पानीमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेः**

१) दफा ६ बमोजिम उपभोक्ता समिति/संस्था दर्ता भएपछि उपभोक्ता समिति/संस्थाले उपयोग गर्न तोकिएको हद सम्मको परिमाण बराबर पानिको स्रोतमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहने छ ।

२. यो कार्यविधि प्रारम्भ हुन अघि नेपाल सरकार, प्रदेश सरकार तथा गैहसरकारी संघ संस्थाले विकास गरेको खानेपानी परियोजना संचालन गर्न उपभोक्ता समिति/संस्थालाई हस्तान्त्रण गरेको भए त्यस्तो उपभोक्ता समिति/संस्थाले उपयोग गर्ने हद सम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेछ ।

९) नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले विकास गरेको परियोजना संचालन गर्ने उपभोक्ता समिति/संस्थाको गठन र मुहान दर्ताः

१) गाउँपालिकाले कार्यविधिको दफा ११ बमोजिम कुनै परियोजना उपभोक्ता समिति/संस्था मार्फत संचालन गराउन चाहेमा त्यस्तो परियोजना संचालन गर्न चाहने ब्यक्तिहरुले दफा ३ बमोजिम उपभोक्ता समिति/संस्था गठन गरी दफा ५ बमोजिम दर्ता गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संस्था दर्ता गर्ने सम्बन्धमा अध्यक्ष समक्ष खरदास्त दिदा नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले त्यस्तो उपभोक्ता समिति/संस्थालई परियोजना संचालन गर्ने विषयमा दिएको पत्र समेत संलग्न गर्नु पर्ने छ ।

**<u>अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u>**

१०) सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेः

१) कुनै स्रोतको सवेक्षण गर्न चाहने व्यक्ति वा गैह सरकारी संघ/संस्थाले अनुमतिपत्रको लागि पाच सय रुपैयाँ दस्तुर सहितको अनुसूची-३ बमोजिमको ढाँचामा अध्यक्ष समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा अध्यक्षले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजातको माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले १५ दिन भित्र दरखास्तवालाई सो कुराको सूचना दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम अध्यक्षले दिएको सूचना बमोजिम दरखास्तवालले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त पेश गरेको मिति मानिनेछ ।

**११) सर्वेक्षण अनुमति दिनु पर्नेः**

दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालाई सर्वेक्षण अनुमति पत्र दिन उयूक्त देखिएमा गाउँपालिकाले अनुसूचि-४ बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

**१२ मुहान दर्ता अनुमतिपत्रको नविकरणः**

१) कार्यविधि बमोजिम मुहान दर्ता अनुमतिपत्र अवधि प्रत्यक वर्षको असार मसान्त भित्र अनुमतिपत्र नविकरणको लागि पाँच यस रुपैयाँ दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम अनुमतिपत्र अविकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमितिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र अनुमतिपत्र प्राप्त ब्यक्ति/उपभोक्ता समिति/संघ/संस्थाले समिति समक्ष निवेदन दिन सक्नेछ । र यसरी दिएको नवेदन उपर जाँचबुझ गर्दा ब्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नविकरण गर्न सक्नेछ ।

**१३. अनुमतिपपत्र संस्शोधन गर्नु परेमाः**

१) अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले आफुले पाएको अनुमतिपत्र उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले यो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा ब्यहोरा मनासिव देखेमा अनुमितपत्रमा संशोधन गरी दिनेछ ।

**१४) स्रोत उपयोग गरे बापत बुझाउनु पर्ने शुल्कः**

अनुमितिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले स्रोतको उपयोग गरे बापत प्रत्येक वर्ष गाउँपालिकालाई एक हजार रुपैयाँ शुल्क बुझाउनु पर्नेछ ।

**मुहान दर्ताको विवाद समाधानः**

**१५) मुहान दर्ताको विवाद निरुपण समितिः**

१) उपभोक्ता समिति/संस्थाले विकास तथा संचालन गर्ने परियोजनाको स्रोत उपयोग सम्बन्धमा कुनै विवाद उत्पन्न भएका त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछः

क गाउँपालिका अध्यक्षः अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्षः सदस्य

ग) सम्बन्धित वडाको वडाअध्यक्षः सदस्य

घ) खानेपानी शाखा प्रमुखः सदस्य

ङ.) वातावरण समिति संयोजकः सदस्य

च.)प्रहरी चौंकीको प्रतिनिधिः सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृतः सदस्यसचिव

२) उपदफा (१) बमोजिमको जानकारी लिई सकेपछि स्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोगको सम्बन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गर्ने ।

<u>**संरचारको सुरक्षा र मर्मत संभारः**</u>

**१६) गुणस्तर कायम राख्नु पर्नेः**

गाउँपालिकाले कार्यविधिको बमोजिम खानेपानीको लागि निर्धारिण गरेको गुनस्तर पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा गुणस्तर कायम राख्नु पर्नेछ ।

**१७) स्रोतलाई प्रदुषित बनाउन नहुनेः**

पानी आपूर्तिकर्ताको/उपभोक्ता समितिले मुहान प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न वा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुँदैन ।

**१८. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः**

पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेअखिय प्रतिकुल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुँदैन ।

<u>**सेवा उपयोग सम्बन्धी व्यवस्थाः**</u>

१९ सेवा उपलब्ध गराउने आधारहरुः

१ पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउदा देहायका विषयलाई आधार बनाउनेछ ।

क भौगोलिक स्थिति ।
ख जनसंख्या ।
ग स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमान ।
घ संरचानाको क्षमता ।
ङ अन्य प्राविधिक कुराहरु ।

२० सेवा उपयोग गर्न प्राथमिकता दिनेः

१ पानी आपूर्तिकर्ताले देहाय बमोजिम निर्धारित आधारहरुको अधिनमा रहि देहायका उपभोक्तालाई सेवा उपयोग गर्न उपयोग गर्न प्रथामिकता दिनेछ ।

क स्वास्थ्य चौंकी, अनाथलय, बुद्वाश्रम

ख बाढी, आगलागी, महामारी रोगठ ब्याधी फैलिई त्यस्तै अन्य कुनै प्राकृतिक वा दैवि प्रकोपको कारणले अवस्थायी रुपमा खडा गरिएको शिविर ।

ग) विद्यालय, छात्रावास वा सरकारी कार्यालय तथा त्यस्तो कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवस गृह ।

घ) सर्वसाधारण नागरिकको आवास गृह ।

ङ) अत्यन्त जरुरी सार्वजनिन महत्वको निर्माण कार्य ।

च) उद्योग तथा कलकारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु ।

२) उपदफा (१) मा देखिका देखि बाहेक सेवा उपलब्ध गराउने प्रथामिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धित गाउँपालिकासँग आवश्यक परामर्श गर्नु पर्नेछ ।

२१) शर्तहरु तोक्नेः

१) पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउदा कार्यविधि बमोजिम नेपाल सरकार/प्रदेश सरकार/गैह सरकारी संस्थाहरुले हस्तान्तरण गरेको परियोजना भए परियोजना हस्तान्तरण गर्दा नेपाल सरकार तथा गाउँपालिकाले तोकेको शर्तहरु विपरित नहुने गरी आवश्यक शर्तहरु तोक्नेछ ।

**संशोधन, बचाउ र खारेजीः**

**२२) खारेजी वा बचाउः**

१) यो कार्यविधि संशोधन वा खारेजी गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले संशोधन वा खारेजी गर्न सक्नेछ ।

२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३) खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन २०४९ तथा जलस्रोत नियमवली २०५० अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

४) यो कार्यविधिमा भएको व्यवस्था संघिय कानून, प्रदेश कानून तथा स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**विविधः**

**२२) निरीक्षकः**

१) परियोजनाको निरिक्षण गर्न गाउँपालिकाले खानेपानी शाखा हेर्ने प्राविधिकलाई निरिक्षक तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम तोकिएको निरिक्षकले मुहानको समय निरिक्षण गरी देहायका विषयहरुमा व्यक्ति/उपभोक्ता समितिलाई आवश्यक आदेश तथा निर्देशन दिई सोको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

क) स्रोतको भौगोलिक सुरक्षा तथा प्रतिकुल वातावरणीय अवसरवाट संरक्षण ।

ख) संरचनाको निर्माण मर्मत संभार तथा सूरक्षा ।

ग) उपभोक्तालाई उपलब्ध गराउने मुहानको पानीको व्यबस्थापन, आपूर्ति गर्ने लगायत अन्य प्राविधिक कुराहरुः

३) उजुरी दिन सक्नेः

१) सेवा उपयोग सम्बन्धमा मुहान दर्ता उपर दिएको निर्माण चित्ता नबुझ्ने व्यक्ति/उपभोक्ताले गाउँपालिका न्यायिक समिति समक्ष उजुरी दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम उजूरी प्राप्त हुन आएमा गाउँपालिका न्यायिक समितिले आवश्यकता अनुसार व्यक्ति/ उपभोक्ता समिति/संघ संस्था र गाउँपालिकासँग परामर्श गरी आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्बन्धित मुहान दर्ता वाला सहित व्यक्ति/उपभोक्ता समिति/संघ/संस्थालाई मान्य हुनेछ ।

**२३) अनुसूचिमा हेरफेरः**

गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रबाशित गरी यस कार्यविधिको अनुसूचिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

# अनुसूचि-१

## (दफा ५ सँग सम्बन्धित)

## मुहान दर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि दिईने दरखास्त

श्री अध्यक्ष ज्यू,

चौंरीदेउराली गाउँपालिकाको कार्यालय,

ढाँडखर्कभञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक ।

मुहान दर्ता उपभोक्ता समिति/संस्था/ले देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१ उपभोक्ता समिति/संस्था/ मुहानको नाम र ठेगानाः

२ उपभोक्ता समिति/संस्था/मुहान दर्ताको उदेश्यः

३ स्रोत/मुहान रहेकोः प्रदेश.......................................जिल्ला ................................गाउँपालिका................वडा नं. ...........टोल ............

४ उपभोग गर्ने पानीको परिमाणः .....................

५ परियोजना शुरु गर्न लाग्ने समयः

६ परियोजना सम्पन्न गर्ने लाग्ने समयः

७ नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिका/गैहसरकारी संस्थाले विकास गरी संचालान एवं हस्तान्त्रण गर्ने परियोजना भए सो परियोजना नाम र तत् सम्बन्धि अन्य विवरणः

८ दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

क परियोजना सम्वन्धि विवरण उल्लेख भएको कागजात ।

ख) परियोजनाको लागि कुनै समिति/संस्थावाट आर्थिक सहायता ब्यहोरिने भय सो सम्बन्धमा त्यस्तो समिति/संस्थाले ब्यक्ति गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजातः

...............................................................................................................

**वडा पालिकाले भर्नु पर्नेः**

यस वडापालिका अन्तर्गत वडा नं.- .....................मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता समिति/संस्था दर्ता हुन उपयूक्त देखिएकाले सिफारिस गरिन्छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस वडा पालिकाको तर्फवाट पूर्ण सहयोग हुने ब्यहोरा जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीः

सहिः

नामः

पदः

मितिः

पालिकाको छापः

## अनुसूचि-२

## (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## मुहान दर्ता उपभोक्ता समिति/संस्थाको दर्ता प्रमाणपत्र

श्री ................................................

................................................

महोदय,

तपाईंले मिति............................मा दिएको दरखास्त बमोजिम यस गाउँपालिकाको मिति ......................को निर्णय बमोजिम मुहान दर्ता उपभोक्ता समिति/संस्था/दर्ता गरी यो प्रमाण पत्र दिएको छ ।

१ उपभोक्ता समिति/संस्थाको नाम र ठेगानाः

२ उपभोक्ता समिति/संस्थाको उदेश्यः

३ उपभोक्ता समिति/संस्थाले संचालन गर्ने परियोजनाको नामः

४ परियोजनाको स्रोतः

५ . स्रोत रहेकोः प्रदेश ..................................जिल्ला ..............................गाउँपालिका ..................वडा नं. ............टोल ................

६ उपभोग गर्न पाउने पानीको परिमाणः

७ उपभोक्ता समिति/संस्थाको कार्य क्षेत्रः

८ परियोजना शुरु गर्नु पर्ने शवधिः

९ उपभोक्ता समिति/संस्थाले पालन गर्नु पर्ने शर्तहरु ।

क

ख

ग

घ

प्रमाणपत्र दिने अधिकारीकोः सहिः

पदः

कार्यालयः

मितिः

गाउँपालिकाको छापः

## अनुसूचिः -३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

स्रोत सर्वेक्षण गर्ने अनुमतिको लागि दिईने दरखास्त

श्री अध्यक्ष ज्यू,

चौंरीदेउराली गाउँपालकाको कार्यालय,

ढाँडखर्कञ्याङ्ग, काभ्रेपलाञ्चोक ।

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

व्यक्ति वा संगठित समिति/संस्थाको नाम, ठेगानाः

१ उदेश्यः

२ सर्वेक्षण गर्न चाहेको स्रोतको नामः

३ स्रोत रहेको प्रदेश .....................जिल्ला ........................गाउँपालिका ............................वडा नं. ....

४ सर्वेक्षण गर्न लाग्ने अवधिः

५ अन्य विवरणः

६ दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरुः

क स्रोत सर्वेक्षण सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मूल्याङ्कन सम्बन्धी प्रतिवेदन

ख. स्रोत सर्वेक्षण गरिने स्थानको नक्सा ।

ग. संगठित समिति/संस्था भए सो समिति/ संस्थाको विधान २ प्रति ।

घ. आवश्यक अन्य कागजातहरु ।

माथि लेखिएको ब्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहँला बुझाउँला ।

संगठित समिति/संस्था भए त्यस्तो समिति/संस्थाको छापः

दरखास्त दिनेकोः

सहिः

नामः

ठेगानाः

मितिः

समिति/संस्थाको छापः

# फिल्ड प्रतिवेदन

उपयूक्त सम्बन्धमा यस चौंरिदेउराली गाउँपालिका वडा नं.- ......................स्थित ..................... खानेपानी उपभोक्ता समितिले यस कार्यालयमा उपभोक्ता समिति मूल दर्ताको लागि पेश गरेको निवेदन र उक्त निवेदन उपर श्री प्रमुख प्रशासकीय अधिकृत ज्यूको मिति .....................गतेको आदेश बमोजिम गठित एक प्राविधिक समितिले उल्लेखित खानेपानी उपभोक्ता समितिको मुहान क्षेत्रको स्थलगत निरेक्षण गर्दा तपशिल बमोजिमको वस्तुगत अवस्था रहेको प्रतिवेदन पेश गर्दछौं ।

तपशिलः

**१ मुहानको ठेगानाः**

उल्लेखित .................................खानेपानी उपभोक्ता समितिको मुहान ...................अन्तर्गत यसै चौंरीदेउराली गाउँपालिका वडा नं.- .....स्थित ...................मुनि ....................भन्ने ठाउँमा पर्दछ ।

**२ मुहानको स्वामित्वः**

उल्लेखित खानेपानी मुहान क्षेत्र भएको जग्गा चौंरीदेउराली गाउँपालिका वडा नं. .... /.......ठाउँमा______सर्वजनिक/निज/व्यक्तिगतमा रहेको जग्गामा परापूर्व कालदेखि खोला/नदि/धारो/कुवा बग्दै आएको देखिन्छ । उक्त मुहान चौंरीदेउराली गाउँपालिका वडा नं. .......... साविक........... ................गा.वि.स. वडा नं.- ............जिल्ला मालपोत कार्यालय धुलिखेल काभ्रेमा कित्ता नं. .......................को क्षेत्रफल.................................भएको सार्वजनिक जग्गा .......................खानेपानी उपभोक्ता समितिको नाममा खानेपानी दर्ता गर्ने प्रयोजनको लागि उपर्यूक्त देखिन्छ ।

३. **<u>पानीको मात्रः</u>**

उल्लेखित तिनै ओटा मुहानको पानी प्रयोगमा ल्याउदा १ मिनेट मा २० लिटरको दरले ६० मिनेटमा १२०० लिटरको दर ले २४ घण्टामा २८८०० लिटर उपलब्ध हुने देखिन्छ । उक्त मुहानले खानेपानी विभागको मापदण्ड बमोजिम प्रति व्यक्ति/प्रति दिन/४५ लिटरको दरले जम्मा ६४० जनसंख्यालाई खानेपानी व्यवस्थापन गराउन सकिने देखिन्छ ।

**<u>४. पानीको वर्तमान प्रयोगः</u>**

उल्लेखित पानिको मुहान ................मुहानवाट पिउने पानीकै रुपमा प्रयोग गर्दै आएको र नपुग भएकोले ...............मार्फत आपूर्ति पुरा हुनेछ ।